# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४     संख्याः ७     प्रकाशन मितिः २०७७/०७/२५


# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बालबालिका कोष सञ्चालन (प्रथम संशोधन) कार्यविधि, २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/१२/०७

गाउँ कार्यपालिकाबाट प्रथम संशोधन स्वीकृत मितिः २०७७/०६/२७

प्रमाणिकरण मितिः २०७७/०७/२४

**प्रस्तावना :**

त्रिवेणी गाउँपालिका भित्रका अति विपन्न, असहाय, आपत्कालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा

बालबालिकाको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि वाञ्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाद्धारा बालबालिका कोष सञ्चालन कार्यविधि, २०७४ स्वीकृत गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "बालबालिका कोष संचालन कार्यविधि, २०७४" रहेको छ ।

(ख) यो कार्यविधि त्रिवेणी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "कोष" भन्नाले यस कार्यविधिको ४ नं. बुंदामा उल्लेख भएबमोजिम स्थापना गरिएको गाउँपालिकास्तरीय बालबालिका कोष सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पालाई सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले त्रिवेणी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "संयोजक" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको न्यायिक समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले त्रिवेणी गाउँपालिका रोल्पा अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले यस कार्यविधिको ४ नं. बुंदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिकास्तरीय बालबालिका कोषलाई सम्झनु पर्दछ ।

(ज) "अति विपन्न, असहायय, आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले यस कार्यविधिको ९ नं. बुंदामा उल्लेखित बालबालिकाहरुलाई सम्झनु पर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको ४ नं. बुंदामा उल्लेख भएबमोजिम गठन गरिएको समितिलाई सम्झनुपर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ट) "लेखा प्रमुख" भन्नाले त्रिवेणी गाउँपालिका, रोल्पाको लेखा प्रमुखलाई सम्झनु पर्दछ ।

**३. बालकोषको उद्देश्य** : यस कोषको प्रमुख उद्देश्य अति विपन्न, असहाय, आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको-

(क) उद्धार गर्ने,

(ख) राहत उपलब्ध गराउने,

(ग) पारिवारिक पुनर्स्थापना गर्ने,

(घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

(ङ) बालअधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता प्रदान गर्ने ।

**४. कोषको स्थापना :**

(क) त्रिवेणी गाउँपालिकाले अति विपन्न, असहाय, जोखिम वा आपतकालीन अवस्थामा रहेका गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न यस बालबालिका कोषको स्थापना गरेको छ ।

(ख) दफा ४ को उपदफा (क) को कोषमा गाउँपालिकाले पहिलो पटक लक्षित वर्ग आयमूलक कोष अन्तर्गत बालबालिका कोषका लागि विनियोजित रु. १० लाख र अन्य स्रोतबाट प्राप्त रकम नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकमा मुद्दती खातामा जम्मा गरिनेछ । यसरी जम्मा गरेको रकम मध्ये रु. १० लाखको वार्षिक रुपमा प्राप्त हुने ब्याज वापतको रकम मात्रै बालबालिकाको हितमा प्रयोग गरिनेछ । सो बाहेकको अन्य रकमको हकमा दफा ५ मा उल्लेखित समितिको निर्णय वा सिफारिसमा जुनसुकै समयमा बालबालिकाको हितमा प्रयोग गर्न सकिनेछ ।

(ग) बालबालिका कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

१. त्रिवेणी गाउँपालिका, रोल्पाले यस कोषमा जम्मा गर्न पठाएको रकम,
२. विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,
३. कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**५. सञ्चालक समितिको गठन :** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय सञ्चालक समिति रहनेछ-

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) | गाउँपालिकाको न्यायिक समितिको संयोजक | - सदस्य |
| (ग) | गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक | - सदस्य |
| (घ) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) | सामाजिक विकास शाखा प्रमुख | - सदस्य-सचिव |

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) आपतकालिन वा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुनर्मिलन गर्ने गराउने,

(ख) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा ✂प्रति बालबालिका अधिकतम रु. १०,०००/- सम्म आर्थिक सहायता वा शैक्षिक सामग्री प्रदान गर्ने,
(ग) गाउँ कार्यपालिकाले दिएको निर्देशन पालना गर्ने,
(घ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने,
(ङ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने,
(च) कोषको रकम वृद्धि गर्न उपयुक्त नीति तथा रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने,
(छ) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्ने,
(ज) कोषको वृद्धिमा सहयोग गर्ने संघसंस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

७. **सञ्चालक समितिले गर्न नहुने कामहरु :** सञ्चालक समितिले देहायका काम गर्न गराउन हुंदैन-
(क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,
(ख) अति विपन्न, असहाय, जोखिम वा आपतकालीन अवस्थामा रहेका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

८. **सञ्चालक समितिको बैठक :** अति विपन्न, असहाय, जोखिम वा आपतकालिन अवस्थामा रहेका बालबालिकाहरुको संरक्षणको लागि गाउँ कार्यपालिकाको कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ-
(क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।
(ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा न्यायिक समितिको संयोजकले गर्नेछ ।
(ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।
(घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक राख्नेछ ।
(ङ) सञ्चालक समितिको सम्पर्क कार्यालय गाउँ कार्यपालिकाले तोकेको स्थानमा रहनेछ ।

९. **अति विपन्न, असहाय, जोखिम वा आपतकालिन अवस्थामा रहेका बालबालिका अन्तर्गत देहायका बालबालिकाहरु पर्दछन् :**
(क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
(ख) यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका,
(ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित,
(घ) अपांगतामा भएका,
(ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,
(च) हिंसाबाट प्रभावित एवं पिडित भएका,
(छ) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,

(ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

(झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएका,

(ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट वञ्चित भएका,

(ट) सुस्त मनस्थिति भएका,

(ठ) अपहरण वा शरिर बन्धकमा परेका,

(ड) सडक बालबालिका,

(ढ) एच.आई.भि. संक्रमित तथा प्रभावित भएका,

(ण) अति विपन्न बालबालिका भन्नाले बालबालिकाको अभिभावक वा संरक्षकको कुनै पनि रोजगारीको स्रोत नभएको र अति विपन्न भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरिदिएका बालबालिका,

(त) असहाय बालबालिका भन्नाले आफ्नै अभिभावक वा संरक्षक वा रेखदेख गर्ने कुनै पनि व्यक्ति नभएको भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरिदिएका बालबालिकाहरु,

(थ) गाउँपालिकाले तोकेका अन्य बालबालिका ।

**१०. निवेदन दिन सक्ने :** यस कार्यविधिको दफा ९ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी त्रिवेणी गाउँपालिकामा बसोबास गर्ने कुनै पनि ✠सरोकारवाला/संरक्षक/अभिभावकले सम्बन्धित वडा कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछन् ।

**११. ✍रकम उपलब्ध गराउने :**

(१) दफा १० बमोजिम प्राप्त भएको निवेदन तथा अन्य कागजात जाँचबुझ गर्दा पीडित बालबालिकालाई आर्थिक सहायता वा शैक्षिक सामग्री उपलब्ध गराउन मनासिव देखिएमा दफा ६ (ख) को अधिनमा रही सञ्चालक समितिको बैठकको निर्णय बमोजिमको रकम पीडितलाई आर्थिक सहायता वा शैक्षिक सामग्री उपलब्ध गराइनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकालाई तत्काल उद्धार, पुनर्स्थापना, राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर क्षती हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट दफा ६ (ख) को अधिनमा रही मनासिव रकम सम्बन्धित पीडितलाई तत्काल उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि लगत्तै बस्ने उक्त समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको कार्यलाई सहज, सरल र शिघ्र बनाउन गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण इकाईको प्रमुखले पेश्की निकासा लिएर निर्णय बमोजिमको रकम पीडितलाई हस्तान्तरण गरी पेश्की फरफारक समेत गर्न सक्नेछ ।

**१२. खाताको सञ्चालन :** बालबालिका कोषको खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१४. अन्य खर्च :** कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात खर्च यस कोषबाट गर्न सक्नेछ ।

**१५. कार्यविधिको व्याख्या तथा संशोधन** :- यस कार्यविधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा सञ्चालक समितिको व्याख्या नै अन्तिम निर्णय हुनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरुसँग छलफल गरी उनीहरुको सहमतिमा संशोधन गर्न सकिनेछ ।

**१६. ✠कोष खारेज नहुने :-** यस कोषलाई बालबालिकाको हकहित संरक्षण तथा संवर्द्धनसँग सम्बन्ध भएका बाहेकका अन्य कुनै शिर्षकमा रकमान्तर गर्ने गरी खारेज गर्न पाइनेछैन । कोषको स्थायित्वको लागि थप कानूनी व्यवस्था गर्नुपर्ने भएमा सो गर्नु गाउँपालिकाको दायित्व हुनेछ । तर सञ्चालक समितिको सिफारिसमा कार्यविधि संशोधन गरी उक्त कोषबाट बालहितकारी कार्यक्रम थप गरी सञ्चालन गर्न यस दफाले बाधा गरेको मानिनेछैन ।

**१७. संशोधन र बचाउ :** बालबालिकाको संरक्षण तथा वृहत्तर हित प्रवर्द्धन गर्न यस कार्यविधिमा भएका व्यवस्थाहरु गाउँ कार्यपालिकाले आवश्यकतानुसार संशोधन ✂ ..... गर्न सक्नेछ ।

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत